म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २६७ | बिहीबार, ३१ बैशाख २०८३ | ने. सं. ११४६ बछलागा | 14 May 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित दुईजना पक्राउ

हेटौंडा, ३० बैशाख/मकवानपुर प्रहरीले लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । वडाप्रहरी कार्यालय सानोपोखराबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-१० स्थित सडकखण्डबाट उनीहरुलाई नियन्त्रणमा लिएको हो । शंकास्पद अवस्थामा पैदल हिँडिरहेका दुईजनालाई जाँच गर्ने क्रममा लागूऔषध बरामद गरिएको हो । पक्राउ पर्नेमा रौतहटको गुजरा नगरपालिका-३ घरभई हाल हेटौंडा-४ मा डेरागरी बस्ने २३ वर्षीय रोहन कुशवार र सुनसरीको इटहरी उपमहानगरपालिका-१० घरभई हाल हेटौंडा-४ मा बस्दै आएकी २४ वर्षीया सुमित्रा राई रहेका छन् ।

प्रहरीले रोहन कुशवारको साथबाट १४० मिलिग्राम खैरोहेरोइन फेला पारेको जनाएको छ । बरामद गरिएको पदार्थसहित दुवै जनालाई नियन्त्रणमा लिई लागूऔषधसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जानकारी दिएको छ ।

# सहकारी पीडितद्वारा रजिष्ट्रारको कार्यालय घेराउ

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ सहकारी पीडितले बचतफिर्ताको दवाब दिन वागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय घेराउ गरेका छन् ।



सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघको नेतृत्वमा सहकारी पीडितले बुधवार कार्यालय घेराउ गरेका हुन् । देउराली सहकारीसहितका सहकारी पीडतले सहकारीलाई समस्याग्रस्त घोषणा गरी आफूहरुको वचतफिर्ता दिलाउन माग गर्दै कार्यलयमा दबाब दिएका छन् । सहकारी पीडितले बागमती प्रदेशमा रहेका १६ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गर्न माग गरेका छन् । पीडितले कार्यलयमा पटकपटक ध्याकर्षण गराउदा पनि माग सम्बोधन नभएको भन्दै कर्मचारीसँग आक्रोश व्यक्त गरेका छन् ।

प्रदेश सरकारले हालसम्म ५ वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेको छ । सुमेरु सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ पुलचोक ललितपुर, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था काठमाडौं, नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था काठमाडौं सहित सिभिल सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ र काठमाडौंको कीर्तिपुर स्थित दर्शन बचत तथा ऋण सहकारी सस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको हो । प्रदेश सरकारले समस्याग्रस्त सहकारीको व्यवस्थापन र बचतकर्ताको रकमफिर्ता प्रक्रियालाई तीव्र बनाउन 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' पुनर्गठन गरेको छ ।

समितिको रिक्त अध्यक्ष पदमा शिवप्रसाद सिग्देललाई नियुक्त गर्दै सदस्यमा दीपक केसी र रामेश्वर ढकाललाई मनोनयन गर्ने निर्णय गरेको हो । सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रस्तावमा गरिएको निर्णयले समस्यामा परेका सहकारीको अनुगमन, व्यवस्थापन तथा बचतकर्ताको हित संरक्षणमा सहयोग पुग्ने सरकारको विश्वास छ ।

### बचतफिर्ता गर्न २५ करोड रूपैयाँ व्यवस्थापन गरिंदै

संघीय सरकारको भूमि सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारीपीडितको बचतफिर्ता गर्न चक्रीय कोषमा बीउपुँजीकारुपमा २५ करोड रुपैयाँ व्यवस्थापन गर्न लागेको छ । यसका लागि मन्त्रालयले रकम उपलब्ध गराउन अर्थ मन्त्रालयसँग आग्रह गरेको छ ।

मन्त्रालयले पीडित नागरिकलाई रकमफिर्ता तथा चक्रीय कोष सञ्चालनका लागि आवश्यक कार्यविधि निर्माण गरेका छ । मन्त्रालयले कोषमा रकम प्राप्त भएपछि पीडितको कागजातका आधारमा रकमफिर्ता गर्ने तयारी गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए । सहकारीमा ससाना रकम बचतकर्ताको निक्षेपफिर्ता गर्दै सम्बन्धित सहकारी लिलाम गरी आएको रकम पुन: सोही कोषमा जम्मा गरेर आर्थिक स्रोत व्यवस्थापन गरिने जनाइएको छ । पहिलो चरणमा समस्याग्रस्त घोषणा गरिएका सहकारीका बचतकर्तालाई छिट्टै रकम फिर्ता गरिनेछ ।

पीडित परिवारलाई राज्यको प्रत्याभूति दिलाउन यस्तो गृहकार्य गरिरहेको उनले जानकारी दिए । उनका अनुसार कोषमा स्रोत व्यवस्थापन हुँदै जाँदा क्रमिकरुपमा ठूलो रकम निक्षेप गरेका बचतकर्ताको रकमफिर्ता गर्ने योजना छ । समुदायमा सहकारीको आदर्श तथा सिद्धान्तमा आधारित भएर सहकारी सदस्यको हितमा क्रियाशील सहकारी संस्थाले राम्रो प्रगति गरेका छन् भने सिद्धान्तविपरीत बचत संकलन गरी कर्जाप्रवाह गर्ने अधिकांश सहकारी समस्यामा छन् । सहकारीमा निक्षेप संकलन गरी रकमफिर्ता नपाएका पीडित बचतकर्ताले आफ्नो रकमफिर्ताका लागि विभिन्न समिति गठन गरी राष्ट्रिय अभियान सञ्चालन गर्दै आएका छन् ।

पीडितले आफ्नो रकम फिर्ता पाउन तथा ठगी गर्ने सञ्चालकलाई कारबाहीको माग गर्दै आएका थिए । सरकारले सहकारी समस्या समाधान गर्ने विषयलाई प्राथमिकतामा राखेको छ । बचत तथा ऋणलाई मुख्य कारोबार कारुपमा सञ्चालन गर्ने ११ हजार ६०० सहकारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ताको प्रक्रियामा छन् ।

प्राधिकरणले सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यले देशभर रहेका सहकारी संस्थालाई दर्ता गरेर सञ्चालनको इजाजतपत्र प्रदान गर्ने गरेको छ । सहकारी तीन तहका सरकारमातहत अलगअलग दर्ता रहेकाले नियमनमा समस्या छ ।

# हेटौंडा उपमहानगरको बजेटमा सुझाव लिन 'क्यूआर कोड'




साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट, नीति तथा कार्यक्रमलाई थप पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन सुझाव संकलन गर्ने भएको छ ।

उपमहानगरले नागरिक, बुद्धिजीवी, व्यवसायी, युवा, महिला, किसान, शिक्षक, विद्यार्थी तथा विभिन्न सरोकारवालाबाट विकास निर्माण, पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगार, वातावरण संरक्षण, खानेपानी, सडक तथा सामाजिक विकासलगायत विषयमा सुझाव संकलन गर्न क्यूआर कोड सञ्चालन गरेको हो । स्थानीय सरकारका नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने उद्देश्यले क्यूआर कोडमार्फत् सुझाव संकलनको व्यवस्था गरिएको हो ।

कार्यालयले सार्वजनिक गरेको क्यूआर स्क्यान गरेर नागरिकले आफ्ना सुझाव पठाउन सक्ने उपमहानगरले जनाएको छ । यसो गर्दा नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा पारदर्शी हुने नगरप्रमुख मीनाकुमारी लामाले बताइन् । जनताको आवश्यकता, अपेक्षा र सुझावका आधारमा योजना तथा कार्यक्रम निर्माण गर्दा विकासलाई अझ प्रभावकारी, जनमुखी र परिणाममुखी बनाउन सहयोग पुग्ने उनको भनाइ छ । नगरप्रमुख लामाले स्थानीय तहको विकासमा नागरिकको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सबै क्षेत्र र समुदायको सहभागिताबाट समृद्ध हेटौंडा निर्माण गर्न सकिने बताइन् ।

उनले नगरवासीले दिएका सुझाव प्राथमिकताका साथ अध्ययन गरी आगामी बजेट तथा कार्यक्रममा समावेश गरिने जानकारी दिइन् । उपमहानगरले 'समृद्ध हेटौंडा, समावेशी विकास'को लक्ष्य आत्मसात् गर्दै दीर्घकालीन विकास, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले सुझाव संकलन अभियान सञ्चालन गरिएको जनाएको छ । स्थानीय सरकारप्रति नागरिकको अपनत्व बढाउने, योजना निर्माण प्रक्रियालाई खुला र उत्तरदायी बनाउने तथा वास्तविक आवश्यकताअनुसार कार्यक्रम तर्जुमा गर्न यस्तो अभियान प्रभावकारी हुने अपेक्षा गरिएको छ । उपमहानगरले सबै नगरवासीलाई सक्रिय सहभागिता जनाई रचनात्मक सुझाव दिन आग्रह गरेको छ ।

# हेटौंडामा नि:शुल्क वृहत् योगविज्ञान पाँचदिने शिविर हुने



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ पतञ्जली योग समितिअन्तर्गत महिला पतञ्जली योग समिति मकवानपुरले हेटौंडामा पाँचदिने नि:शुल्क वृहत् योगविज्ञान शिविर सञ्चालन गर्ने भएको छ ।

शिविर यही जेठ ३ गतेदेखि ७ गतेसम्म हेटौंडा-४ स्थित लोकतान्त्रिक चौर (हुप्राचौर) मा प्रत्येक बिहान ४:३० बजेदेखि ६:३० बजेसम्म सञ्चालन गरिने आयोजकले जनाएको छ । बुधबार आयोजित पत्रकार सम्मेलनमा पतञ्जली योग समिति मकवानपुरका अध्यक्ष रामकृष्ण थापाले शिविरबारे जानकारी दिँदै आधुनिक जीवनशैली, तनाव र अव्यवस्थित खानपानका कारण नसर्ने रोग तीव्ररुपमा बढिरहेको अवस्थामा योगलाई जनस्तरसम्म पुर्‍याउन शिविर आयोजना गरिएको बताएका छन् ।

उनकाअनुसार 'घरघरमा योग, जनजनमा योग, सबै निरोग, सदा निरोग' भन्ने नारासहित पतञ्जली योग समिति विगत २०६४ सालदेखि मकवानपुरका विभिन्न पालिकामा नि:शुल्क योग अभियान सञ्चालन हुँदै आएको छ । शिविरमा मुख्य प्रशिक्षककारुपमा साध्वी देवादिति रहने छिन् । हरिद्वारस्थित पतञ्जलि योगपीठबाट सन्यासग्रहण गरेकी देवादितिले योग, आयुर्वेद, प्राकृतिक चिकित्सा तथा आध्यात्मिक शिक्षामा विशेष दक्षता हासिल गरेकी हुन् । आयोजकका अनुसार उनले योगमार्फत् स्वस्थ जीवनशैली, मानसिक शान्ति र सकारात्मक सोच विकासका विषयमा प्रशिक्षण दिनेछिन् ।

कार्यक्रम हेटौंडा उपमहानगरपालिका-४ वडा कार्यालयको सहकार्यमा सञ्चालन हुन लागेको हो । सहप्रायोजकका रुपमा थर्डआइ एजुकेशनल सेन्टर प्रालिले सहयोग गरेको जनाइएको छ । आयोजकले योगलाई केवल शारीरिक अभ्यास नभई पूर्ण जीवनपद्धति, मानसिक अनुशासन र सकारात्मक जीवन दर्शनकारुपमा लिन आग्रह गरेका छन् । शिविरमा शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी, व्यवसायी, सञ्चारकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सर्वसाधारणलाई उत्साहपूर्वक सहभागी भई स्वास्थ्य लाभलिन आयोजकले आग्रह गरेको छ । पत्रकार सम्मेलनमा समितिका नगरअध्यक्ष रघु आचार्य, युवा अध्यक्ष जयराम पुलामी, कार्यक्रम संयोजक राजन थापालगायतको उपस्थिति थियो ।






साझाकुरा

## हाम्रो कुरा

# सबै मिलेर नतीजा सुधारौं

मकवानपुरका ४ विद्यालयको नतीजा शून्य आएको विषय यतिबेला चर्चामा छ । रिजल्ट आएपछि एकसातासम्म ट्याउँट्याउँ गर्नेहरु बाँकी समय कुन दुलोमा पुग्छन् थाहा छैन । अर्को कुरा हाम्रो समाजमा परीक्षाको परिणाम कमजोर भयो भने शिक्षकलाई धारेहात लगाउनेको जमात बढी छ । शिक्षकका कारण मात्रै रिजल्ट खस्किएको भने बिलकुल होइन । विद्यालयमा हुने ठुटे राजनीति सबै भन्दा महत्वपूर्ण जड हो । चाहे त्यो पालिका तहबाट होसु वा शिक्षकबीचमा होस् ठुटे राजनीतिले कक्षाकोठामा नकारात्मक प्रभाव पारेको छ । वडा र पालिकाले विद्यालयप्रति हेर्ने दृष्टिकोण, अभिभावकको चासो, ब्यवस्थापन समितिको ब्यवस्थापन, प्रअको अनुगमन र विद्यार्थीको लगाव सबै कुरामा ट्युनिङ मिल्नु पर्छ अनिमात्र परिणाममा सुधार आउनेवाला छ । मकवानपुरको राक्सिराङ गाउँपालिकाको ३ र भीमफेदी गाउँपालिकाको १ विद्यालयको नतीजा शून्य आएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ । राक्सिराङ गाउँपालिका–४ स्थित कालिका माध्यमिक विद्यालय, राक्सिराङ गाउँपालिका–६ स्थित राष्ट्रिय माध्यमिक विद्यालय र राक्सिराङ गाउँपालिका–८ स्थित श्री माध्यमिक विद्यालयको नतीजा शून्य आएको हो ।

भीमफेदी गाउँपालिका–८ स्थित पञ्चकन्या माध्यमिक विद्यालयको नतीजा शून्य आएको छ । कालिका माविबाट ६ जना, राष्ट्रिय मावि १ जना र श्री माध्यमिक विद्यालयबाट २८ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । पञ्चकन्या माध्यमिक विद्यालयबाट भने ६ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । गतवर्ष मकवानपुरका ७ वटा विद्यालको नतीजा शून्य आएको थियो । परीक्षामा मकवानपुरका ५० दशमलब ९९ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । नतीजाअनुसार २ हजार ८ सय १८ जना विद्यार्थी ग्रेडेड भएका हुन् । ५ हजार ५ सय २७ जना विद्यार्थी परीक्षामा सहभागी भएकामध्ये २ हजार ७ सय ९ जना विद्यार्थी नन्ग्रेडेड भएका छन् । गतवर्ष मकवानपुरमा ४६ दशमलब ८६ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए । एसईईमा मकवानपुरका १३ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन् । सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका ११ जना विद्यार्थीले ४ जीपीए ल्याएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ । गतवर्ष मकवानपुरबाट ५ जनाले मात्रै ४ जीपीए ल्याएका थिए । यो वर्ष हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र हेटौंडा–५ स्थित बालज्योति माध्यमिक विद्यालयबाट एक–एक जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । संस्थागत विद्यालयतर्फ हेटौंडा–४ स्थित नवोदय शिशुसदन र हेटौंडा–५ स्थित जीएस निकेतनबाट ३–३ जना विद्यार्थीले ४ जीपीए ल्याउँदा हेटौंडा–२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल र हेटौंडा–४ स्थित व्रह्मदिक् एकेडेमीबाट २–२ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । हेटौंडा–१३ पदमपोखरीस्थित फेमकोल एकेडेमीबाट १ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । मकवानपुरबाट ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थी ४ सय ३६ जना छन् ।

३.२ जीपीएदेखि ३.६ जीपीए ल्याउने ७ सय ८९ जना, २.८ जीपीएदेखि ३.२ जीपीए ल्याउने ९ सय ८२ जना विद्यार्थी छन् । २.४ जीपीएदेखि २.८ जीपीए ल्याउने विद्यार्थी ५ सय ५५ जना छन् । २ जीपीएदेखि २.४ जीपीए हासिल गर्ने विद्यार्थी ४३ जना रहेका छन् । मकवानपुरका ६ वटा संस्थागत विद्यालयको नतीजा शतप्रतिशत आएको छ । हेटौंडा उपमहानगरका ३ वटा र थाहानगरका ३ वटा विद्यालयले शतप्रतिशत नतीजा हासिल गरेका छन् । बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, ज्ञानोदय बालबाटिका आवासीय मावि, तुलसीमेहर मेमोरियल सेकेण्डरी स्कूल, थाहा नगरको पालुङ इंग्लिस आवासीय स्कूल, पालुङ मोडर्न इंग्लिस मिडियम स्कूल र पालुङ भ्याली हर्ट एकेडेमीले शतप्रतिशत नतीजा हासिल गरेको छ । बालजागृतिबाट १ सय २ जना, ज्ञानोदयबाट १६ जना, तुलसीमेहरबाट ६१ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । पालुङ इंग्लिसबाट ७ जना, पालुङ मोडर्नबाट १३ जना र पालुङ भ्यालीबाट १९ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १ गते शुक्रबार १५ मे २०२६ । त्रयोदशी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:१७ सूर्यास्त ६:४५ । अन्तर्राष्ट्रिय परिवार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# विश्व व्यवस्थाको उबडखाबडका सन्दर्भमा नेपाल



✍भानुप्रसाद आचार्य

**नयाँ नीति कार्यान्वयनमा सहज वातावरणको सोचले नीति कार्यान्वयनमा झन् कठिन बनाउनेछ । वित्तीय क्षेत्रको अस्थिरता बढ्नेछ । जलवायु परिवर्तनको कारणले विपद् व्यवस्थापनमा आकस्मिक खर्च बढ्नेछ । बाह्य अनुदान सहयोग घटिरहेको परिप्रेक्ष्यमा बाह्य ऋणमाथिको निर्भरता बढ्नेछ ।**

गहिरो आर्थिक एकीकरणले राजनीतिक, आर्थिक स्थायित्व तथा अन्तरनिर्भरता बढाउँदै मुलुकहरूबीच आपसी विवाद घटाउनेछ भन्ने अवधारणासहित दोस्रो विश्वयुद्धपछि सुरु गरिएको विश्वव्यवस्था यतिखेर लर्खराउँदै छ । विश्व शान्ति, मानवताको भलाइ, सार्वभौमिकताको सम्मान र समानताका आधारमा राष्ट्रहरूबीच मैत्रीपूर्ण सम्बन्ध विकास र अन्तर्राष्ट्रिय समस्या समाधान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उद्देश्यसहित सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भएको थियो ।

दोस्रो विश्वयुद्धपछि सन् १९४४ को ब्रेटन उड्स सम्झौताले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको स्थापना गरी गरिबी घटाउने, दिगो विकासका लागि वित्तीय सहयोग जुटाउने र मौद्रिक तथा वित्तीय स्थायित्व कायम राख्ने प्रमुख उद्देश्य राखेको थियो । विश्व राजनीतिक, आर्थिक, सैन्य सुरक्षा सम्बन्धमा अमेरिकाको अग्रसरतामा उदार विश्व व्यवस्था कार्यान्वयनमा आयो । उदारवादी अन्तर्राष्ट्रिय व्यवस्था, उदारवादी राजनीति, उदार आर्थिक नीति र बहुपक्षीय सहयोगका ढोकाहरू खुले ।

करिब ८ दशकदेखि कार्यान्वयनमा रहेको विश्व व्यवस्थाको नेतृत्व संयुक्त राज्य अमेरिकाले गरिरहेकामा सन् २००८ को वित्तीय संकटपछि उसले आत्मकेन्द्रित नीतिलाई बढावा दियो। परिणामस्वरूप विश्वव्यापीकरण, उदार पन र मुलुकहरूबीच आपसी सद्भावमा ह्रास आयो । मध्यम शक्ति राष्ट्रहरू मूकदर्शक बनेर बसे ।

बहुलवादको आधारभूत मान्यता कुल्चेर एकपक्षीयवाद तथा अस्वाभाविक खण्डीकरणमा जानु, विधिको उपेक्षा गरी शक्ति राष्ट्रको आवेगमा बहुपक्षीय संस्था परिचालित हुनु, उदारवादी नीतिअनुरूपको आर्थिक सुधारमा रोकावट ल्याउनु, वित्तीय कारोबारमा पारदर्शिता तथा उत्तरदायित्व वहन नहुनु, विश्व न्यायिक व्यवस्था प्रभावकारी नभई दण्डहीनता मौलाउनुजस्ता कारणले विश्व व्यवस्थामाथिको विश्वास घटेको हो । व्यापार, वित्त र रणनीतिक महत्त्वका क्षेत्रलाई नियन्त्रणको प्रमुख अस्त्र बनाएर आफ्नो स्वार्थमा प्रयोग गर्न स्थापित विधि, मूल्यमान्यता र अन्तर्राष्ट्रिय संस्था एवं संगठनलाई कमजोर बनाइँदा विश्वमा अस्थिरता, युद्ध र विवाद बढेको छ । समृद्धिमा बाधा पुगेको छ ।

साना राष्ट्रहरू असुरक्षित महसुस गर्न थालेका छन् । यस्तो परिस्थितिले प्रचलित विश्व व्यवस्थामा विगतका केही कमजोरी हटाई परिमार्जित व्यवस्था कार्यान्वयनमा लैजानु अति आवश्यक भएको छ ।

विश्व राजनीतिक आर्थिक व्यवस्था सहज बाटो छाडेर काँडैकाँडाले भरिएको आघातयुक्त बांगोटिंगो अव्यवस्थाको बाटो हिँड्न अभिशप्त छ । विश्व व्यवस्थामा देखिएको यस्तो अन्योलले नेपालजस्तो भूराजनीतिक महत्त्वको मुलुकलाई विश्व र क्षेत्रीय क्रियाकलापको तनावपूर्ण स्थिति र संकटले तुलनात्मकरूपमा बढी प्रभाव पार्छ ।

भूराजनीतिक स्थितिबाट अलग्गिएर संकटोन्मुख विश्व व्यवस्थालाई उपेक्षा गर्दै सहज वातावरणको परिकल्पना गरी आर्थिक विकासको मार्गचित्रमा अघि बढ्नु आफैँलाई अलमलमा पार्नु हो । सैन्यबल प्रयोग, वितरण प्रणाली, ऊर्जा, प्राकृतिक स्रोत, खनिज पदार्थ र प्रविधिमा नियन्त्रण वर्तमान संकटका प्रत्यक्ष देखिएका चरित्र हुन् । विचारणीय पक्ष के हो भने भूराजनीतिक र भूआर्थिक पाटोमा यी तत्त्वहरू झन् महत्त्वपूर्ण हुन्छन् ।

यही संकटले ऊर्जा बजारलाई तहसनहस पारिदिएको छ । विश्व व्यापारलाई यसले संवेदनशीलमात्र बनाएन, ऊर्जा र औद्योगिक उत्पादनको मूल्य बढायो । महत्त्वपूर्ण प्राकृतिक स्रोत, खनिज पदार्थ, पानी, प्रविधि र कृत्रिम बौद्धिकताका क्षेत्रमा भूराजनीतिक तथा भूआर्थिक संवेदनशीलता बढायो। विश्वभरका रणनीतिक महत्त्वका विन्दुहरूमा आँखा गाडिरहेका शक्ति राष्ट्रहरूको प्रतिस्पर्धा उजागर भएको छ ।

विश्वका बहुपक्षीय संघसंस्थाहरूले दक्षिणी विश्वको पक्षमा उत्साहजनक काम गर्न नसक्दा प्रभावकारिता र औचित्यमाथि प्रश्न उठ्नु अस्वाभाविक होइन । अब आर्थिक, प्राविधिक वा सैन्य शक्तिको मापदण्डमा अग्रणी स्थान ओगटेका अमेरिका, चीन वा मध्यम शक्ति भएको युरोपियन युनियनमध्ये कसलाई रोज्ने भन्ने प्रश्न युरोप, अफ्रिका तथा एसियाका लोकतान्त्रिक मुलुकहरूसामु तेर्सिएको छ ।

साना विकासशील मुलुकहरूका लागि स्वतन्त्ररूपमा विकल्प रोज्नेभन्दा आफ्नो आन्तरिक राजनीतिक बाध्यता, रणनीतिक सुरक्षा र उपलब्ध अवसरले डोऱ्याउने स्थिति छ । यस्तो अवस्था आउनुमा विश्वव्यापीकरणप्रति दुई दशकदेखि अमेरिकाको क्रमिक नीतिगत क्षयीकरण, एक दशकदेखि आत्मकेन्द्रित प्रवृत्ति, मध्यम वर्गका शक्ति राष्ट्रहरूको व्यवस्थित विश्वव्यापीकरणको रवैया र बहुपक्षीय अन्तर्राष्ट्रिय संघसंस्थाहरूको प्रभावकारितामा आएको गिरावटजस्ता कारणले मुख्य भूमिका खेलेको देखिन्छ ।

दक्षिणी विश्वका मुलुकहरूले दरो खुट्टा टेक्न सक्ने अवस्थामा नपुग्दै एकपछि अर्को झटका बेहोर्नुपरेकाले विश्वव्यवस्थामा आइरहेको परिवर्तनको झट्काबाट सबैभन्दा बढी क्षति यिनै मुलुकहरूले व्यहोर्नुपरेको छ। अन्तर्राष्ट्रिय वातावरण प्रतिकूल भएकै अवस्थामा आन्तरिक व्यवस्थापनमा राजनीतिक, आर्थिक झट्का बेहोर्नुपर्दा बढी पीडित हुनेमा दक्षिणी विश्वका मुलुकहरू परेका छन् ।

अन्तर्मुखी संरक्षणवादबाट विश्व व्यापीकरण, व्यापार विस्तार, आर्थिक एकीकरण, उदारपन र विविधीकरणतर्फ अघि बढिरहेको विश्वव्यवस्थाले दुई दशकदेखि पीडा बेहोर्दै यथास्थितिमा चल्नै नसक्ने अवस्थामा पुगेर परिमार्जन खोजेको छ । बहुपक्षीय हितका लागि सार्वभौमिकता, स्वतन्त्रता र स्वाधीनताको सम्मान गर्दै हिँडिरहेकामा हाल शक्तिशाली राष्ट्र, नवोदित शक्ति राष्ट्र र क्षेत्रीय रणनीतिक समूहको रूपमा हिँडेको विश्व व्यवस्थाको हलचलले उच्चतम पीडा भोग्ने वर्गमा नेपालजस्ता साना, प्राकृतिक स्रोतले भरिपूर्ण र भूरणनीतिक महत्त्व भएका मुलुकहरू परेको स्पष्ट छ ।

**अन्तर्राष्ट्रिय संघसंस्थाहरूको कमजोरी**

सन् १९४५ मा स्थापित संयुक्त राष्ट्रसंघमा १९३ मुलुक सदस्य र २ पर्यवेक्षक छन् । यसमा ७७ को समूहको नामले चिनिने चीनलगायत दक्षिणी विश्व वर्गका १३४ मुलुक र उत्तरी विश्व वर्गका ६१ मुलुक छन् । समय समयमा सकारात्मक भूमिका खेलेको संयुक्त राष्ट्रसंघ पनि वर्तमानमा भने उल्लेख्य पुनर्संरचनाको पर्खाइमा छ । शक्तिशाली राष्ट्रको पक्षमा रहेका बडापत्र, धान्नै नसक्ने गरी खडा गरिएका विशिष्टीकृत संस्थाहरू, दर्जनौ आबद्ध संस्थाहरू, क्षेत्रीय आयोग, विषयगत संगठनसमेत झन्डै ३ दर्जन संस्था यसअन्तर्गत कार्यरत छन् ।

यी संस्थाहरूबीच कार्य क्षेत्रमा अतिक्रमण तथा दोहोरोपन, निर्णय प्रक्रियामा अनावश्यक कार्यप्रणाली, निर्णय कार्यान्वयनमा अप्रभावकारिता, बोझिलो संगठन, उल्लेखनीय ठूलो रकमको नियमित खर्च, अन्तर्राष्ट्रिय सुरक्षा, न्यायिक व्यवस्था तथा मानवअधिकार संरक्षण र जलवायु व्यवस्थापनमा टिठलाग्दो प्रभावकारिता यस संस्थाको निर्बल पक्ष हुन् ।

सामूहिक सुरक्षा प्रबन्धका लागि १५ सदस्य राष्ट्रको सुरक्षा परिषद्को व्यवस्था छ । तर स्थायी सदस्य राष्ट्रहरूलाई प्रदान गरिएको भिटो शक्तिले यी ठूला शक्तिको सर्वसम्मति आवश्यक पर्ने हुनाले १४ राष्ट्रबीच सहमति भए पनि भिटो शक्ति भएको एउटा सदस्यले भिटो प्रयोग गरेमा कुनै कारबाही हुन सक्तैन । कुनै प्रस्ताव औपचारिकरूपमा छलफलमा प्रवेशसमेत हुन सक्तैन ।

सदस्य राष्ट्रहरूले सन्धि सम्झौता मान्नुपर्ने बाध्यात्मक अन्तर्राष्ट्रिय कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय अदालतको व्यवस्था छ । तर कार्यान्वयन सबल छैन । सार्वभौम मुलुकहरूबीच उठेको विवाद समाधान गर्न इन्टरनेसनल कोर्ट अफ जस्टिस (आईसीजे) को भूमिका हुन्छ । उता अपराधमा संलग्न कुनै पनि व्यक्तिउपर कारबाही गर्ने अभिभारा इन्टरनेसनल क्रिमिनल कोर्ट (आईसीसी) माथि छ। आईसीजे संयुक्त राष्ट्र संघको बजेटबाट र आईसीसी यसका सदस्य राष्ट्रहरूको योगदानबाट चलेको छ ।

तर यिनीहरूबीच संस्थागत सम्बन्ध छैन । आईसीसीले गम्भीर प्रकृतिका अन्तर्राष्ट्रिय अपराधमा राष्ट्रका अदालतले उपेक्षा गरेका वा असमर्थ भएको अपराध हेर्ने भए पनि केही ठूला शक्ति राष्ट्रहरूले सम्झौता अनुमोदन नगरेको कारणले यस अदालतको वास्तविक पहुँच सीमित छ । जेनेभा कन्भेन्सन (१९४९) ले आत्मसात गरेको विनाभेदभाव मानवीय व्यवहार गर्नुपर्ने मान्यतामा पनि प्रश्न उठेका छन् ।

राष्ट्रहरूबीच स्वतन्त्रता, सार्वभौमिकता तथा समानताको सम्मान गर्ने, शक्ति प्रयोग नगरी शान्तिपूर्ण तरिकाले विवाद समाधान गर्ने, अरू राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, विधि प्रयोगमा समान व्यवहार गर्ने मान्यतामा स्थापित संयुक्त राष्ट्र संघलगायतका अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा दोहोरोपन र अप्रभावकारिता यथेष्ट छन् ।

विनिमय प्रणालीलाई बजारमा आधारित बनाउन आर्थिक तथा मौद्रिक नीतिको सुपरिवेक्षण गर्न, भुक्तानी सन्तुलन संकटमा सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय मुद्राकोष कार्यरत छ । दीर्घकालीन विकास, गरिबी निवारण, समृद्धिलाई दृष्टिगत गरी पूर्वाधार, शिक्षा, स्वास्थ्य क्षेत्रमा मध्यम आय वर्ग र विकासशील मुलुकहरूलाई सहुलियतपूर्ण वित्त व्यवस्था विश्व बैंकले पुऱ्याउँदै आएको छ । स्वीकृत सीमाभित्र रहेर विधिमा आधारित व्यापार विस्तारका लागि विश्व व्यापार संगठन कार्यरत छ ।

बहुपक्षीय तथा एकपक्षीय आर्थिक प्रतिबन्धका व्यवस्था छन् । तर, सर्वसाधारण नागरिक तहसम्म प्रभाव पार्ने हुनाले यस्ता आर्थिक प्रतिबन्धका कतिपय प्रावधान औचित्यपूर्ण मान्न सकिने स्थिति छैन ।

यी संस्थाहरूको अतिरिक्त आर्थिक स्थायित्व, समृद्धि र सहभागिताका लागि विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समूहहरू जी २०, आसियान, ब्रिक्स, अफ्रिकन युनियन, सार्क आदि संस्था उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाउने फोरमका रूपमा कार्यरत छन् । नागरिक तथा राजनीतिक अधिकार र आर्थिक तथा सामाजिक पक्ष समेटिएका मानवअधिकार घोषणापत्र (१९४८) ले पनि विश्व प्रणालीमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

सन्धि नभएर घोषणापत्र भएकाले कानुनी रूपमा बाध्यात्मक नभए पनि आर्थिक सामाजिक क्षेत्रको उत्थानमा यसको भूमिका सकारात्मक भए पनि सार्थक मानिँदैन । संयुक्त राष्ट्रसंघ, आबद्ध संस्थाहरू र अन्य बहुपक्षीय संस्थाहरूमा सामयिक परिमार्जन खोजिएको छ ।

रोगको महामारी, जलवायु परिवर्तन, वित्तीय संकटजस्ता सीमाविहीन समस्यालाई कुनै खास एउटा देशले मात्र सल्टाउन सक्तैन । संयुक्त राष्ट्रसंघीय संस्थाहरूले पनि यी क्षेत्रमा राम्रो काम गर्न सकेका छैनन् । विश्व राजनीति, अर्थनीति र वर्तमानका क्रियाकलापले समग्र विश्वव्यवस्थाको समष्टिगत पाटो समेटी मूल्याङ्कन गरिने हुनाले यसअन्तर्गतका उपक्रमहरूको चिर फारबाट देखिने मूल्याङ्कन परिणामले संस्थागत महत्त्व ओझेलमा परेको छ ।

पेरिस सम्झौता (२०१६) ले विश्वतापक्रम वृद्धिका हकमा प्रत्येक मुलुकले इमिसन घटाउने लक्ष्य तोक्ने र धनी मुलुकले विकासशील मुलुकहरूलाई नवीकरणीय ऊर्जामा जलवायु वित्त सहयोग प्रदान गर्ने व्यवस्था छ । तर, व्यवहारमा बाध्यात्मक व्यवस्था नहुँदा कार्यान्वयन पक्ष कमजोर छ । नेपालले मापदण्ड अनुसारको पाउनुपर्ने सहयोग पाएको छैन ।

वर्तमान परिप्रेक्ष्यमा साइबर स्पेसको माध्यमबाट अर्को देशमा पार्न सकिने दुष्प्रभावबारे अध्ययन भएका छन् । तर, कुनै किसिमको बाध्यात्मक व्यवस्था लागु भएको छैन । यसले साइबर शक्ति भएका मुलुकको प्रभाव तथा दबाबबाट अरू मुलुक ग्रसित भएका छन् ।

विश्व व्यवस्थाको प्रतिबद्धता र उपलब्धिबीचको खाडलले विवाद बढाएको र शक्तिशाली राष्ट्रहरू अनुशासनको सीमाभित्र नबसेको कारणले नयाँ व्यवस्था जरुरी भएको हो ।

**शक्ति राष्ट्र र नवोदित शक्ति राष्ट्र**

अन्तर्राष्ट्रिय मुद्राकोषको तथ्याङ्क अनुसार, कुल गार्हस्थ उत्पादनको आधारमा आर्थिक सामर्थ्य हेर्दा अमेरिकाको ३२ ट्रिलियन डलर, युरोपियन युनियनको २३ ट्रिलियन डलर, चीनको २१ ट्रिलियन डलर, भारतको ४ ट्रिलियन डलर र रुसको २.७ ट्रिलियन डलर छ । विश्वको पहिलो शक्ति राष्ट्र अमेरिका व्यापारिक महसुलको अस्त्र बोकेर संरक्षणवादतर्फ लम्केको छ । राजनीतिक उद्देश्यबाट प्रेरित भई रणनीतिक विन्दु नियन्त्रणका लागि पश्चिम एसियामा युद्धमा उत्रिएको छ ।

संयुक्त राष्ट्रसंघ तथा अन्य बहुपक्षीय संघसंस्थाहरूमा राजनीतिक एवं आर्थिक दबाब र सहयोग कटौतीमा ७० वटा भन्दा बढी मुलुक परिसकेका छन् । भूराजनीतिक दृष्टिकोणले महत्त्वपूर्ण ठानिएका नेपाललगायत दक्षिण एसियाली मुलुकहरू र तेस्रो विश्वका कमविकसित साना मुलुकहरू आन्तरिक तथा बाह्य मामिलामा हस्तक्षेपको त्राससहित बाँचेका छन् । नेपालमा जेन–जी आन्दोलनपश्चात यस्तो त्रासको भावनाले थप प्रश्रय पाएको छ ।

युरोपियन मुलुकहरू र अमेरिकाबीच युक्रेन युद्ध, भन्सार महसुल र ग्रीनल्यान्डको सार्वभौमिकताका सम्बन्धमा मतभेद देखिएकोमा पश्चिम एसियाको युद्धपश्चात मतभिन्नता थप बढेको छ । मध्यम शक्तिको रूपमा विश्वव्यवस्था व्यवस्थितरूपमा डोऱ्याउन आर्थिक राजनीतिक प्रभाव पार्न सक्ने शक्तिका रूपमा देखिएको युरोपियन युनियन प्रतिस्पर्धामा खुलेर अगाडि बढेको देखिँदैन । तर, पश्चिम एसियाको युद्धपछि इयुमा देखिएको थप ऐक्यबद्धताले अमेरिकालाई पनि आफ्नो गतिमा पुनर्विचार गर्नुपर्ने ठाउँमा ल्याएको छ ।

विश्वको दोस्रो शक्तिका रूपमा उदाएको चीनले आफूलाई एसिया, अफ्रिका र युरोपका मुलुकहरूमा विस्तारितरूपमा प्रस्तुत गरे पनि वर्तमानमा आन्तरिक आर्थिक संकटबाट बच्न आफैँ संघर्षरत छ । तैपनि विश्व व्यवस्था दक्षतापूर्वक अगाडि बढाउने नेतृत्वको होडमा लागेकै छ ।

तेस्रो शक्तिको ठाउँ ओगटेको २७ मुलुक आबद्ध करिब ४५ करोड जनसंख्या भएको युरोपियन युनियनका मध्यम शक्तिका मुलुकहरूले राजनीतिकरूपमा वर्तमानमा अमेरिकाको रणनीतिलाई प्रत्यक्ष साथ दिएका छैनन् । तर परिमार्जित व्यवस्थित विश्वव्यवस्थाको पक्षमा देखिएका छन् ।

शक्ति राष्ट्र अमेरिका, मध्यम शक्ति युरोपियन युनियन र नवोदित शक्ति चीनको रणनीतिमा चौथो समूह अर्थात् विकासशील दक्षिणी विश्वको भूमिका महत्त्वपूर्ण रहनेछ । चौथो समूहको मुख्य प्राथमिकता राजनीतिकरूपमा सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता, शान्ति र सुरक्षा हुनेछ । आर्थिकरूपमा समृद्धि र विकास हुनेछ । शक्तिको द्वन्द्वको प्रताडना सहन चौथो समूह तयार हुनेछैन । तर शक्ति समूहको दबाब निरन्तर रहनेछ । यसै समूहको भूमिकामा परिमार्जित नयाँ व्यवस्था निर्भर रहनेछ । विश्वका १३४ मुलुक रहेको दक्षिणी विश्वको सबैभन्दा ठूलो समूहको राष्ट्रिय हितलाई बेवास्ता गरी शक्तिको भरमा परिमार्जित नयाँ व्यवस्था लाद्न खोजिएमा सफल हुनसक्ने देखिँदैन ।

**नेपालको सन्दर्भ**

विश्व व्यवस्थामा आएको परिवर्तन तथा क्षेत्रीय राजनीतिक क्रियाकलापको भूराजनीतिक एवं रणनीतिक वास्तविकता मनन गरी नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध र अर्थनीति अँगाल्नुपर्ने तथ्य स्पष्ट भएको छ । बाह्य वातावरणको प्रभावलाई वस्तुनिष्ठ मूल्याङ्कन नगरी आन्तरिक स्थितिबाट मात्र अर्थनीति चल्न सक्तैन ।

सरकारको क्रियाकलापले आन्तरिक वातावरणको प्रभाव र दबाबमा अर्थनीति अगाडि बढाउन खोजिएको राष्ट्रिय प्रतिबद्धताबाट आभास हुन्छ । तर अति महत्त्वाकांक्षा र लोकरिझ्याइँ दीर्घकालीन राष्ट्रिय हितमा हुँदैन । विद्यमान संकटको स्वरूपले ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य औसत ४ प्रतिशतमा सीमित रहन्छ । महँगीको दर नियन्त्रण हुन सक्तैन । अनपेक्षित चर्को मूल्यवृद्धि व्यहोर्नुपर्नेछ । वर्तमान बजारले यस्तो संकेत गरिसकेको छ । दैनिक उपयोगका वस्तुदेखि पूर्वाधार तथा सामाजिक सेवासम्मका लागत बढ्ने छन् । पुँजी निर्माणका लागि आवश्यक पर्ने स्रोत साधनको जोहो गर्न कठिन हुनेछ ।

नयाँ नीति कार्यान्वयनमा सहज वातावरणको सोचले नीति कार्यान्वयनमा झन् कठिन बनाउनेछ । वित्तीय क्षेत्रको अस्थिरता बढ्नेछ । जलवायु परिवर्तनको कारणले विपद् व्यवस्थापनमा आकस्मिक खर्च बढ्नेछ । बाह्य अनुदान सहयोग घटिरहेको परिप्रेक्ष्यमा बाह्य ऋणमाथिको निर्भरता बढ्नेछ ।

विश्व व्यवस्था अधोन्मुख रहेको परिप्रेक्ष्यमा स्थायी प्रकृतिका यस्ता संकटको निवारणमा नेपालका लागि आगामी दिन झन् कष्टकर हुनेछ । जनमतको विश्वास तथा उत्साहमा हिलो छ्याप्दै भंगुर विश्वव्यवस्थातर्फ औँला तेर्स्याएर उन्मुक्ति लिने अवस्था नआओस् भन्ने सोच सरकारले राख्नुपर्छ ।

नयाँ सरकारप्रति जनताको अपेक्षा बढी रहेको सन्दर्भमा बाह्य युद्धबाट सिर्जित संकटको प्रभाव मूल्यवृद्धि, आपूर्ति शृंखला उत्पादन, रोजगारी र व्यवसायमा पर्ने हुनाले जीविकोपार्जन कठिन बन्दै जान्छ । अनिश्चितताको निरन्तरताले सुरक्षा एवं खाद्य सुरक्षाको जोखिम बढ्ने छ । पर्यटन क्षेत्र खुम्चिने, विदेशी लगानी नबढ्ने, पुँजी निर्माणमा खर्च कम हुँदा रोजगारी नबढ्ने हुन्छ ।

रेमिट्यान्समा आधारित बाह्य क्षेत्रमा संकुचन आई रोजगारी र विदेशी मुद्रा सञ्चिति घट्दै गएर अहिलेको विदेशी मुद्रा सञ्चितिको सहजस्तरमा दबाब पर्नेछ । प्रतिस्पर्धी क्षमतामा विश्वास गर्ने बजार विस्तारै भूराजनीतिबाट नियन्त्रित तथा निर्देशित हुन्छ । साथै प्रविधि, रणनीतिक महत्त्व र क्षेत्रीय शक्तिको प्रभावमा पर्नुपर्ने बाध्यताले लागत बढाउँछ । लगानी वातावरण सहज हुँदैन । अस्थिरताको निरन्तरताले लगानी, उत्पादन, रोजगारी, आर्थिक वृद्धिमा अंकुश लाग्छ ।

विश्व व्यवस्थामा आएको उबडखाबडबाट बढेको जोखिमलाई देखाएर आन्तरिक व्यवस्थापनको जिम्मेवारीबाट सरकारले मुक्ति पाउँदैन । अर्थराजनीतिक अस्त्र प्रयोग गरी हाम्रो आर्थिक संरचनाको आधारशिलामा पुगेर व्यवस्थापन, उपचार र निदान गर्नुपर्छ । उच्च व्यापारघाटा, निर्यातित वस्तुमा कम मूल्य अभिवृद्धि, सार्वजनिक खर्च धान्न आन्तरिक ऋण लिनुपर्ने बाध्यता, न्यून पुँजीगत खर्च तथा परियोजना व्यवस्थापनमा अनगिन्ती समस्या मौजुद छन् ।

आर्थिक संरचनामा देखिएका विसंगति न्यूनीकरण तथा निराकरणमा अर्थराजनीतिक अस्त्रको प्रयोग आर्थिक तथा मौद्रिक नीतिमा स्पष्टरूपमा हुनुपर्छ । आगामी बजेटले निजी क्षेत्रलाई पहिलो प्राथमिकता राखेर उत्पादन तथा उत्पादकत्व वृद्धि, स्थानीय रोजगारी सिर्जना, उत्कृष्टताको सम्मान, साधन स्रोतको मितव्ययी उपयोग र लोकरिझ्याइका वितरणमुखी खर्चका प्वालहरू निर्ममतापूर्वक बन्द गर्नुपर्छ ।

अनौपचारिक अर्थतन्त्रको मात्रा ठूलो हुँदा नियमन नियन्त्रणको माध्यमबाट औपचारिक क्षेत्रमा ल्याउने, बाह्य रोजगारीबाट प्राप्त रेमिट्यान्सले घरपरिवारको खर्च धाने पनि ऊर्जाशील युवा श्रमशक्ति बाहिरिएर आन्तरिक उत्पादन प्रणाली कमजोर बनाएको छ । बाह्य रोजगारीबाट प्राप्त रेमिट्यान्स संवेदनशील हुने हुनाले स्थायी आधार मानिँदैन ।

*(साभार: बाह्रखरी)*

# ओली नेकपासँग नजिकिँदा सशंकित कांग्रेस

काठमाडौं/नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा र सह-महामन्त्री उदयशमशेर राणा मंगलबार साँझ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न गुन्डु पुगेका थिए । पित्तथैलीको शल्यक्रियापछि घरमै आराम गरिरहेका ओलीको स्वास्थ्य अवस्था बुझ्न भनिएपनि उनीहरू गुण्डु पुग्नुको कारण राजनीतिक छलफल थियो ।

'स्वास्थ्य अवस्था बुझ्न भनेर उहाँहरु गुन्डु आउनुभएको हो । तर भेट भइसकेपछि राजनीतिक विषयहरुमा कुरा हुने नै भयो,' ओली निकट एक नेता भन्छन् । संसद् छलेर ल्याइएका अध्यादेशहरू, सरकारको नीति तथा कार्यक्रम, प्रधानन्यायाधीश सिफारिस लगायत विषयमा छलफल भएको उनी बताउँछन् ।



उनका अनुसार राष्ट्रिय सभाबाट अध्यादेशहरू पारित हुन नदिन विपक्षीहरु जुटिरहेका सन्दर्भमा पनि कुराकानी भएको छ । तर, उच्च स्रोतका अनुसार कुराकानीको मुख्य एजेण्डा भने प्रदेश सरकारहरू हेरफेर गर्नेबारे थियो ।

'सात बुँदे सहमति गरी २०८१ असारबाट नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सहकार्य शुरु भएको थियो । जेनजी आन्दोलनपछि संघको सत्ता त ढल्यो, तर प्रदेशहरुमा सहकार्य जारी छ,' एमालेका एक नेता भन्छन्, 'पूर्व सहमति अनुसार प्रदेश सरकारहरुको आलोपालो गर्ने बेला भयो । यसै वरीपरी कुराकानी चलिरहेको छ ।'

कांग्रेस उपसभापति शर्माले ओलीलाई भेट्न जानुअघि यो कुरा भनिसकेका थिए । कांग्रेस कर्णालीका सभापति ललितजंग शाही, पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही लगायतसँग कुरा गर्ने क्रममा शर्माले प्रदेश सरकारको नेतृत्व परिवर्तनबारे एमालेका अध्यक्षसँग कुरा गर्ने बताएका थिए । कर्णालीमा अहिले एमाले नेता यामलाल कँडेल मुख्यमन्त्री छन् ।

स्रोतका अनुसार ओलीसँग कुरा हुनुअघि एमाले र कांग्रेसका दोस्रो तहका नेताहरूबीच केहीपटक कुराकानी भइसकेको छ । कांग्रेसबाट उपसभापति शर्मा र महामन्त्री प्रदीप पौडेल र एमालेबाट उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलबीच पूर्वसहमतिबारे छलफल भएको छ ।

तर पूर्वसहमति बमोजिम मुख्यमन्त्रीहरू फेरिने प्रक्रिया सहज नदेखिएकै बुझाइका साथ शर्मा र राणा गुन्डु पुगेको कांग्रेसका एक नेता बताउँछन् । 'प्रदेश सरकार परिवर्तन गर्ने बारेमा दुई दलमा छलफल भइरहेको छ । तर टुंगोमा पुग्न सकिएको छैन,' उनी भन्छन् ।

**सशंकित कांग्रेस**

स्रोतका अनुसार विशेष महाधिवेशनबाट फेरिएको कांग्रेस नेतृत्व पनि प्रदेश सरकारहरूमा एमालेसँगको सहयात्रालाई निरन्तरता दिने पक्षमै छन् । सात बुँदे बमोजिमको भागबण्डा जोगाउन सक्दा कांग्रेसलाई फाइदै रहेकाले पनि सभापति गगन थापा यो निष्कर्षमा रहेको अनुमान लगाउन सकिन्छ । अहिले सातमध्ये चार प्रदेशमा कांग्रेस नेतृत्वको सरकार छ । जनमत पार्टीले समर्थन फिर्ता लिएपनि मधेशमा कांग्रेस नेतृत्वको सरकार जोगिएको छ ।

बाँकी ६ प्रदेश मध्ये एमाले र कांग्रेसबीच बराबरको भागबण्डा रहेकाले कांग्रेस नेताहरुको सक्रियता बढेको बुझ्न सकिन्छ । यदि एमालेसँगको सहमति कायमै रहेमा अब कोशी, लुम्बिनी र कर्णालीमा कांग्रेस नेतृत्वको सरकार बन्नेछ भने बागमती, गण्डकी र सुदुरपश्चिममा एमालेको सरकार बन्नेछ । तर, पूर्वसहमतिबाट एमाले नेतृत्व पछि हट्न लागेको शंका कांग्रेस नेताहरूले गरेका छन् । सरकार परिवर्तनको माग लिएर गत साता गुन्डु आएका एमाले सूदुर पश्चिमका नेताहरुलाई सम्झाएर फर्काइएपछि कांग्रेस थप सशंकित देखिन्छ ।

प्रदेश संसदीय दलका नेताबाट राजेन्द्र रावललाई हटाउनुपर्ने र पूर्वसहमति अनुसार एमाले नेतृत्वको सरकार गठन गरिनुपर्ने माग लिएर नेताहरू गुन्डु आएका थिए । तर तत्काल यी दुवै माग पूरा नहुने सन्देशसहित नेताहरू सुदूर पश्चिम फर्किए । स्रोतका अनुसार कांग्रेससँग पूर्वसहमति बमोजिम प्रदेश सरकारहरू फेर्न ओलीले आनाकानी गर्नु र लगातार छलफलको आवश्यकता पर्नुमा वाम गठबन्धनको छलफल अगाडि बढ्नु हो ।

कांग्रेसका एक पदाधिकारी, एमाले दोहोरो भूमिकामा रहेको शंका आफूहरूले गरेको स्वीकार्छन् । 'एमाले र नेकपा नजिकिएको महशुस गरेका छौं,' उनी भन्छन्, 'नेकपासँग संवाद भइरहेको एमाले नेताहरूबाट सशंकित पनि छौं।'

विशेषगरी नेकपाका तर्फबाट सार्वजनिक रुपमै भइरहेका निर्णय र वक्तव्यहरूबाट पनि कांग्रेस नेताहरू सशंकित देखिन्छन् । नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले लगातार वाम एकताबारे मन्तव्य दिइरहेका छन् । १९ चैतदेखि १४ वैशाखसम्म चलेको नेकपाको केन्द्रीय कार्य संयोजन समितिको बैठकबाटै वाम एकताबारे निर्णय भएको थियो ।

यो बीचमा प्रचण्ड आफैले ओलीसँग टेलिफोन सम्वाद गरिरहेको र नेकपाका नेताहरूले गुन्डु पुगेर ओलीलाई भेटिरहेकोप्रति कांग्रेस सशंकित छ । गत २२ वैशाखमा नारायणकाजी श्रेष्ठले ओलीसँग सम्वाद गरेका थिए । एमालेका केही पदाधिकारीले त प्रचण्डसँग ओलीले पार्टी एकता गर्न लागेको भन्दै सार्वजनिक आपत्ति जनाएका छन् ।

ओली निकट एक नेता, नेकपाका नेताहरूसँग छलफल बाक्लिएको स्वीकार्छन् । 'अहिले विपक्षीहरूबीच सहकार्यको खाँचो छ । कांग्रेससँग मात्र होइन, सबैसँग मिलेर जानुपर्छ भन्ने विकल्पमा छलफल भइरहेको छ,' उनी भन्छन् । उनका अनुसार, कांग्रेस उपसभापति शर्मा सहितको नेताहरुसँग ओलीले यही कुरा राखेका छन् ।

**वामपन्थी मिल्दाको समीकरण**

नेताहरूको शंकाबीच एमाले र नेकपाबीच गठबन्धन अथवा एकता भए चार वटा प्रदेशमा सरकार बन्ने देखिन्छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिममा फेरि कम्युनिष्ट सरकार बन्नेछ । कोशीमा कांग्रेसको समर्थनमा एमालेका हिक्मत कार्की मुख्यमन्त्री छन् । ९३ सदस्यीय कोशी प्रदेश सभामा एमालेसँग ४०, कांग्रेससँग २९, नेकपासँग १७, राप्रपासँग ५ (भक्ति सिटौलाले राजीनामाले एक घटेको) र जसपासँग एक सिट छ ।

बहुमतका लागि ४७ जना प्रदेश सांसद आवश्यक पर्दछ । जुन संख्या एमाले र नेकपा मिल्दा सजिलै पुग्छ । मधेसमा कम्युनिस्ट मिल्दैमा सरकार फेरिने स्थिति छैन । कांग्रेसबाट मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादवलाई निरन्तरता दिनेगरी गत २७ वैशाखमा मात्र कांग्रेस सहित जसपा नेपाल, नेकपा र लोसपाले निर्णय गरिसकेका छन् ।

मधेशमा १०७ सदस्यीय प्रदेश सभा छ । चार सांसद रिक्त छन् । हाल कायम प्रदेश सांसद अनुसार मधेसमा सरकार बनाउन ५२ जना आवश्यक पर्दछ । मधेसमा एमालेसँग २२, कांग्रेससँग २२, जसपासँग १६, जनमतसँग १२, नेकपासँग १३, लोसपासँग ९ र राप्रपासँग एक जना सांसद छन् ।

बागमतीमा अहिले कांग्रेसका इन्द्र बानियाँ मुख्यमन्त्री छन् । ६ प्रदेश सांसद रिक्त छ । बागमतीको ११० सदस्यीय संसदमा कांग्रसँग ३६, एमालेसँग २५, नेकपासँग २३, राप्रपासँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ सांसद छन् । अर्थात कम्युनिष्ट मिल्दा पनि सरकार बनाउन आवश्यक ५३ सिट पुग्दैन । गण्डकीमा एमालेको समर्थनमा कांग्रेसबाट सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री छन् । गण्डकी प्रदेश सभामा कूल सिट संख्या ६० छ । कांग्रेस प्रदेश सांसद द्रोण कुँवरले राजीनामा दिएपनि स्वीकृत भएको छैन । मनाङ प्रदेशसभाबाट जितेका राजीव गुरुङ (दीपक मनाङ) लाई फौजदारी कसुरमा दोषी ठहर भएर उनको सांसद पद खारेज भएको छ ।

पहिलो दल रहेको कांग्रेसका २६, एमालेका २२, नेकपाका ८ र राप्रपाका २ सांसद छन् । बहुमतका लागि ३० सांसद आवश्यक पर्दछ । अर्थात कम्युनिष्ट मिल्दा सरकार बन्छ । लुम्बिनीमा पनि एमाले-कांग्रेस सत्ता सहकार्य छ । कांग्रेसको समर्थनमा लुम्बिनीमा एमालेका चेतनारायण आचार्य मुख्यमन्त्री छन् ।

८७ सदस्यीय प्रदेश सभामा एमालेका २९, कांग्रेस २७, नेकपाका ७, नागरिक उन्मुक्ति पार्टीका ४, जसपाका ३, लोसपाका २, जनमतका ३ र राजमोका १ सांसद छन् । प्रदेश सभामा चार पद रिक्त छ । ४२ जनाले प्रदेश सभामा बहुमत पुग्दछ । लुम्बिनीमा एमाले र नेकपा मिलेपनि सरकार बन्दैन ।

कर्णालीको कूल ४० प्रदेश सांसदमा कांग्रेसका १४, माओवादी केन्द्रका १३, एमालेका १०, एकीकृत समाजवादी १, र स्वतन्त्र २ छन् । २० जनाले बहुमत पुग्ने कर्णालीमा एमाले र नेकपा मिलेमा सहजै सरकार बन्छ । अहिले एमालेका यामलाल कँडेल यहाँ मुख्यमन्त्री छन् । सुदूरपश्चिममा एमाले र नेकपा बीच सहकार्य भए सजिलै सरकार बन्छ । ५२ सदस्यीय प्रदेश सभामा नेकपासँग २२, कांग्रेससँग १८, एमालेसँग १० र राप्रपाका १ सांसद छन् ।

*(स्रोत: अनलाइनखबर)*

# संसद्कै नजिक हुँदा पनि प्रधानमन्त्री बालेन किन टाढा ?

काठमाडौं/नेपाली राजनीतिले लामो समयदेखि युवा पलायन बढाइरहेको थियो । राजनीति बिग्रँदा देशमा उद्यम न रोजगारीको अवस्था बन्यो । यसले एकातिर रोजगारीको खोजीमा बिदेसिन बाध्य युवाहरूको लाइन लम्बिइरहेको थियो, अर्कोतिर २०४८/५० सालदेखि स्थापित कांग्रेस-कम्युनिस्ट बिम्बप्रतिको चरम वितृष्णाको सगरमाथा बनिरहेको थियो । यसले पार्टीको सदस्यता नलिने र राजनीतिलाई फोहोरी खेल सम्झने मनोविज्ञान हाबी बन्यो। राजनीतिमा नयाँ पुस्ताको प्रवेश मृतप्राय: बन्दै गयो ।

राजनीतिका नर्सरीमा बिरुवा भन्दा झार धेरै हुर्किए । पहिलो पुस्ता इतिहासको ब्याज खाँदै सत्तालिप्सामा चुर्लुम्म डुब्यो । नालायक दोस्रो पुस्ता झर्लां र खाउँला भन्दै पहिलो पुस्ताको आरती उतारि रह्यो । प्रश्न मरे, विद्रोही चेतना ओइलाए । तेस्रो पुस्ता पनि नालायक दोस्रो पुस्ताको पिछलग्गु बनिरह्यो ।

यही पृष्ठभूमिमा थियो जेनजीले विद्रोहको नेतृत्व गर्नु परेको । र, यहींनेर अवसरको लंगुर बुर्जाको खाल थापे नयाँ पार्टीका नेताहरुले । त्यही खालमा दाउ पार्ने भाग्यमानी बने बालेन । त्यसो त, बालेनले पृष्ठभूमिमा केही न केही काम र तयारी गरिरहेका थिए । २०७९ सालको चुनावमा काठमाडौँको मेयरका रूपमा उनको उदयले एउटा अभूतपूर्व लहर ल्यायो। 'मलाई राजनीतिप्रति चासो छैन (आई हेट पोलिटिक्स) भन्ने युवाहरू पनि राजनीतिबारे गहिरो चासो राख्न र प्रश्न गर्न थाले। समग्र नेपाली राजनीतिलाई अगाडि लैजान र युवाहरूलाई व्यवस्थाप्रति आशावादी बनाउन यो सानो योगदान थिएन।

खासगरी भदौयता विश्वभरिकै मिडियामा नेपालको राजनीतिको जुन चर्चा भयो, त्यसले अर्को एउटा आयाम थप्यो। परम्परागत बाटोभन्दा बिल्कुलै फरक पृष्ठभूमिबाट आएका व्यक्ति पनि सिधै सत्ताको नेतृत्वमा पुग्न सक्छन् भन्ने सन्देश विश्वभर सम्प्रेषण भयो।

यसले नेपालको सीमा बाहिर पनि प्रभाव पारेको थियो । खासगरी भदौयता विश्वभरिकै मिडियामा नेपालको राजनीतिको धेरै प्रचारप्रसार भयो, समाचारहरू लेखिए। त्यसको मुख्य अपेक्षा थियो- 'गैरपरम्परागत बाटोबाट आएका व्यक्ति पनि मेयर वा प्रधानमन्त्री बन्न सक्छन्' भन्ने सन्देश सम्प्रेषण गर्नु । डोनाल्ड ट्रम्प, सी जिनपिङ, नरेन्द्र मोदी, भ्लादिमिर पुटिनजस्ता 'स्ट्रङम्यान' हरूको युगमा यो एउटा बिल्कुलै फरक प्रकृतिको लोकतान्त्रिक बदलाव थियो। यसबाट बालेनले आफूलाई एउटा सामान्य प्रधानमन्त्री मात्र होइन, युग परिवर्तनको नेताका रूपमा अगाडि बढाउने अवसर पाएका थिए/छन् ।

तर, सत्ताको बागडोर सम्हालेपछिका बालेनका गतिविधिहरू हेर्दा लाग्छ, उनी युग परिवर्तनको नेता होइन, संख्याको दम्भले ग्रस्त शासक बन्ने बाटोमा छन्। मंगलबार संसद्मै उभिएर पूर्वप्रधानमन्त्री प्रचण्डले विगतका आफ्ना त्रुटि स्वीकार्दै दिएको सुझाव यहाँनेर निकै मननीय छ। उनले भने, 'हार सहन जति गाह्रो हुन्छ, जित पचाउन त्योभन्दा गाह्रो हुन्छ। संख्याको दम्भमा अहंकारको मलखाद नबनाउनुस्, हामीबाटै सिक्नुस्।'

प्रचण्डले २०६४ सालको स्मरण गराउँदै अभिभावकीय शैलीमा भने, '२०६४ सालमा तपाईंहरूजस्तै धेरै मत ल्याएर भाँडोमा न भुइँमा भएको नेता म हुँ। आफ्नै कमजोरीका कारण जनताको विश्वास बचाउन सकिएन।' उनले जोडै दिएर थपे, 'संख्या स्थायी हुँदैन। जनताको समर्थन पनि ससर्त हुन्छ, भनेजस्तो भएन भने भोलिपल्टै सकिन्छ। यहाँ निषेध, अपमान र प्रतिशोध होइन, विश्वास र सहकार्यले प्राथमिकता पाउनुपर्छ।'

**मर्यादाको धज्जी**

सूचनाको बाढी र अल्गोरिद्मको हाउगुजीमा निसास्सिइर हँदा ब्युङ-चुल हानको 'द डिसअपीअरेन्स अफ रिचुअल्स: ए टोपोलोजी अफ द प्रेजेन्ट' पुस्तकको याद आयो । पुस्तकले परम्परा र मूल्य-मान्यताहरूलाई पूर्ण रूपमा त्याग्नु भनेको कसरी समाजको जग कमजोर बनाउनु हो भनेर निकै गहन ढंगले व्याख्या गरेको छ ।

अन्धविश्वासलाई हटाउनु पर्छ, तर समाजलाई जोड्ने, जीवनलाई अर्थ दिने र हामीलाई मानवीय बनाउने अनुष्ठान र मूल्यहरूलाई जोगाउनु आजको डिजिटल र पुँजीवादी युगमा झनै आवश्यक छ भनेर लेखकले जोड दिएका छन् । धर्मकर्मदेखि तन्त्र-मन्त्रसम्म रुचि राख्ने प्रधानमन्त्री शाहले संसदीय मूल्य-मान्यता र परम्पराविरुद्ध किन क्रियाकलाप बढाइरहेका छन् ? बुझ्न गाह्रो भइरहेको छ ।

लोकतन्त्रको सर्वाधिक परीक्षा चुनाव जित्नु होइन, आलोचना सहेर पनि लोकतान्त्रिक रहन सक्नु हो। निकट विगतको कुरा हो । नयाँ पुस्ताले चर्को आलोचना गर्दै सत्ताबाट विस्थापन गरेका तत्कालीन प्रधानमन्त्री केपी ओलीले समेत कर्टेसी (शिष्टता) र प्रोटोकल कहिल्यै तोडेनन्। अध्यादेश पठाउनुअघि राष्ट्रपतिसँग आफ्ना मर्का र उद्देश्य बुझाउन उनी संवाद गर्ने गर्थे।

तर, आज बालेन न विधि मानिरहेका छन्, न परम्परा र संसदीय मर्यादा। न्यायाधीश नियुक्तिमा वरिष्ठता र विधि मिचिसकिएको छ। यसबीचमा राष्ट्रपतिसँग संवाद गरेका छैनन् । अझ विडम्बना त, आफ्नै सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिले पढिरहँदा संसद्बाट 'वाकओभर' गरेर प्रधानमन्त्रीले संसदीय मर्यादाको धज्जी उडाएका छन्।

संसद्को रोस्ट्रमबाट जनतासँग संवाद गर्ने अमूल्य अवसर उनी आफैँ गुमाइरहेका छन्। मर्यादा र शिष्टाचारका लक्ष्मणरेखाहरू यसरी नै नाघ्दै जाने हो भने त्यसले जन्माउने भनेको अराजकता नै हो। अराजकता दुई धारे तरबार हो । सडकमा तत्कालीन सत्ताधारीहरूले मच्चाएको अराजकताले बालेनलाई सरकारमा पुऱ्यायो । के त्यो अराजकता संसद्भित्रै छिराउन खोजिएको हो ? संसदमा हुर्काउन खोजेको अराजकताबाट उनी कहाँ पुग्न खोजेका होलान् ?

प्रधानमन्त्री शाहको यस्तो कार्यशैली र रबैयाको सबैभन्दा ठूलो र नकारात्मक असर उनलाई आदर्श मानेर भोलि राजनीतिमा आउन चाहने लाखौँ युवाहरूमाथि परिरहेको छ। हिजोसम्म युवाहरूको क्षमतामाथि प्रश्न उठाउने समाजको त्यही परम्परागत तप्कालाई अहिले बालेनका गतिविधिले बल पुऱ्याइरहेका छन्। भोलि वडा सदस्य वा अध्यक्ष उठ्छु भनेर तयारी गरिरहेका युवाहरूलाई समाजले औँला ठड्याउँदै भन्ने अवस्था सिर्जना भएको छ, 'देखिस् तेरो युवाको ताल ! भोलि सत्तामा पुगेपछि त्यस्तै गर्ने त हो नि।'

राजनीतिमा नेतृत्व लिन चाहने युवाहरूले समाजमा सम्मान प्राप्त गर्न सक्ने गतिविधि प्रधानमन्त्रीबाट हुनुपर्थ्यो। व्यक्तिगत रूपमा आफ्ना इगो र 'स्वाग' छाड्न कठिन होला, तर देशको कार्यकारी प्रमुख भएपछि त्यो तहको त्याग गर्नैपर्ने हुन्छ।

कतै लाग्ला, हिजोकाले बोलेर बिगारे, म काम गरेर सच्याउँछु । ठूला-ठूला निर्णय भइरहेका पनि छन् । तर नागरिकसँग संवाद छैन । महत्वपूर्ण निर्णयहरू गरेपछि त्यसबारे नागरिकलाई बताउनुपर्ने, बुझाउनुपर्ने हो । संसद भवन र प्रधानमन्त्री कार्यालयको दूरी निकै नजिक छ तर भावनात्मक दूरी बढिरहेको छ । यस्तो शैलीबाट अवाक रवि लामिछाने समूहका लागि त बालेनको तरिका गज्जब भइरहेको होला । रविलाई धैर्य गर्न हिरासतका अँध्यारा, चिसा र साँघुरा कोठाहरुले सिकाइसकेका छन् । लाग्ला- बालेन यसरी नै एक्स्पोज हुँदै जाऊन् ।

डिजिटल दुनियाँमा चाहने हो भने सरकारले नागरिकसँग रियल-टाइममा संवाद गर्न सक्छ । तर संवाद ठप्प छ । आशंका र दूरि बढिरहेकै छ । अहिले बालेनले देखाइरहेको यो हेपाइ नीति, विधि वा कुनै व्यक्ति/संस्था (राष्ट्रपति/सांसद/संसद) लाई मात्र होइन। यो सीधा अर्थमा जनता र लोकतन्त्रलाई हेपेको सन्देश हो।

ब्राजिलियन दार्शनिक पाउलो फ्रेइरेले भनेका छन्- जबसम्म शिक्षाले मानिसलाई वैचारिक रूपमा मुक्त गर्दैन, तबसम्म शोषित वर्गको एउटै मात्र सपना हुन्छ- आफैँ शोषक बन्ने।' जुन प्रवृत्तिको विरुद्ध संघर्ष गरेको आएको शक्ति हो, त्यही प्रवृत्तिको संरक्षक बन्ने रहर हो कि कहर हो ? संसदीय दल, दल र प्रणाली निरीह बन्ने र व्यक्ति सर्वेसर्वा हुने खराब उदाहरण किन बन्न खोजेको ? नागरिकले कसरी थाहा पाउने ? संवाद/संचारप्रतिको यस्तो अरुचि घातक हुन्छ ।

भन्ने गरिन्छ- सत्ताले मानिसलाई बदल्ने मात्र होइन, उसको वास्तविक चरित्र पनि देखाउँछ । बालेनलाई सामाजिक सञ्जालमा नयाँ पुस्ताले प्रश्न सोध्न थालेका छन्- सडकमा हुँदा सत्ताको विरोध गरेको कि आफू सत्तामा नभएको कुराको विरोध गरेको ?

*(स्रोत: अनलाइनखबर)*

# २ सय ४५ घण्टे तालिम सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ हेटौंडामा २ सय ४५ घण्टे बार्बर (हजाम) तालिम सम्पन्न भएको छ । महिला सशक्तीकरण तथा गरिबी निवारण समूह नेपालको आयोजना तथा बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत प्रदेश युवा परिषद्को आर्थिक सहयोगमा सञ्चालन गरिएको तालिम समापन गरिएको हो ।

कार्यक्रममा संस्थाकी कार्यकारी निर्देशक इन्दिरा न्यौपानेको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा प्रमुख डा. भीमप्रसाद तिमल्सिनाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा ब्युटिसियन तारा राईको आतिथ्यता थियो । कार्यक्रममा प्रमुखअतिथि तिमल्सिनाले प्रशिक्षार्थीलाई लगनशीलताका साथ आफ्नो सीप र पेशालाई निरन्तरता दिन आग्रह गरे । उनले युवालाई सीपमूलक तालिम प्रदान गर्न सरकार सधैं प्रतिबद्ध रहेको उल्लेख गर्दै आगामी दिनमा थप तालिमका लागि पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । तालिममा प्रशिक्षक किरण अधिकारीले प्रशिक्षण दिएका थिए । तालिम समापनमा सहभागी २० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# जेठ २ मा हिमालयन पर्यटन प्रबर्द्धन राइड

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ करिव ४ वर्ष अघि हेटौंडामा स्थापना भएको हिमालयन राईडर्स सोसाइटीले हिमालयन पर्यटन प्रवर्द्धन राइड आयोजना गर्ने भएको छ ।

सोसाइटीको आयोजना र मकवानपुरगढी गाउँपालिकाको समनवयमा 'स्वास्थ्य, पर्यावरण, पर्यटन प्रवर्द्धनको निम्ति साइक्लिङ' भन्ने नारासहित आगामी जेठ २ गते शनिबार राइड संचालन गर्न लागेको हो । हिमालयन पर्यटन प्रवर्द्धन राईड-२०८३ कार्यक्रमको तयारी पूरा भएको सोसाइटीका अध्यक्ष राजु थापामगरले जानकारी दिएका छन् । कार्यक्रममा बाराको सिमरा, निजगढ, डुमरवानासहित मकवानपुरका १०० जना साइकलयात्रीको सहभागिता हुनेछन् ।

सोसाइटीका उपाध्यक्ष बुद्धराम श्रेष्ठको संयोजकत्वमा हुने यो कार्यक्रममा सहभागीले हेटौंडा नगरक्षेत्र, सामरीखोला, आमभञ्ज्याङका ग्रामीण बस्ती हुँदै सुकौरासम्मको मनोरम यात्रा गर्नेछन् ।

हेटौंडा-४ हुप्राचौरको उत्तर गेटबाट सुरु हुने साइकलयात्रा शीतलमहलचोक, कपुरकम्प्लेक्स, मेनरोड, बुद्धचोक, चौकीटोल, सामरीपुल, आमभञ्ज्याङ, भालुखोला, बाँसपानी हुँदै सुकौरामा पुगेपछि कार्यक्रम समापन हुने संयोजक श्रेष्ठले जानकारी दिए । साइकलयात्रीले आउँदा-जाँदा लगभग ६० किलोमिटरको यात्रा गर्नेछन् ।

# 'मन बिनाको धन २'मा पूजाको जोडी बन्दै महेश

काठमाडौं/संगीतकार टंक बुढाथोकीको निर्देशनमा बन्न लागेको फिल्म 'मन बिनाको धन २'मा यतिबेला कलाकार छनोटको काम भइरहेको छ । केही दिनअघि मात्र मुख्य अभिनेत्रीमा पूजा शर्मालाई अनुबन्धित गरिएको थियो । अब यस फिल्ममा अभिनेता महेश त्रिपाठीको प्रवेश भएको छ । उनीसँग मंगलबार निर्देशक बुढाथोकीले कागजी सम्झौता गरेका हुन् ।



यस फिल्ममा महेश र पूजा जोडीको रूपमा प्रस्तुत हुने जनाइएको छ । यो उनीहरूको दोस्रो सहकार्य हुनेछ । यसअघि दुवैले सविर श्रेष्ठको निर्देशनमा बनेको फिल्म '३६ को आँकडा'मा एकसाथ काम गरिसकेका छन्, जुन प्रदर्शन हुन बाँकी छ । यद्यपि, यो फिल्ममा उनीहरू जोडीको रूपमा भने छैनन् । 'मन बिनाको धन २'मा फेरि एकसाथ काम गर्न दुवै उत्साहित देखिएका छन् ।

आगामी भदौदेखि छायांकन सुरु हुने यस फिल्ममा पटकथा तथा संवाद शिवम् अधिकारीको रहनेछ । अहिले उनी फिल्मको कथा लेखिरहेका छन् । फिल्मका गीतमा निर्देशक बुढाथोकी स्वयंको संगीत रहनेछ ।

टंक बुढाथोकी फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मको निर्मातामा विष्णु माया मैनाली रहेकी छन् । फिल्मलाई यसै वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

'मन बिनाको धन' संगीतकार बुढाथोकीको चर्चित गीतमध्ये एक हो । करिब ७ वर्षअघि रिलिज भएको यस गीतलाई अहिलेसम्म युट्युबमा तीन करोड भन्दा बढी पटक हेरिसकिएको छ । यो बाल गायक अशोक दर्जीको पहिलो गीत समेत हो । यही नामको फिलममा पनि अशोक मुख्य भूमिकामा थिए । सिक्वेलमा भने उनको अभिनयबारे कुनै जानकारी गराइएको छैन ।

# तृषाको फिल्मका लागि विजयले हटाए बिहानी शोमा लागेको प्रतिबन्ध

काठमाडौं/तमिल सुपर स्टार थलापति विजयले केही दिनअघि मात्र तमिलनाडुको मुख्यमन्त्री पदको शपथ लिए । उनले पदभार ग्रहण गरेसँगै तीन वर्षदेखि तमिलनाडुमा प्रतिबन्ध रहेको फिल्मको बिहानी शो खुला गर्न अनुमति दिएका छन् । सन् २०२३ मा एउटा ठूलो घटनापछि तमिलनाडु सरकारले सुरक्षाको कारण देखाउँदै फिल्मको बिहानी शो राख्न प्रतिबन्ध लगाएको थियो ।

विजयले सूर्या र तृषा कृष्णन अभिनीत नयाँ फिल्म 'करप्पू'का लागि बिहान ९ बजेदेखि शो खुलाउन अनुमति दिएको भारतीय मिडियाले जनाएका छन् । यसबारे फिल्मको प्रोडक्सन हाउस ड्रिम वारियर पिक्चरले पनि सामाजिक सञ्जाल मार्फत जानकारी गराएको छ । तमिल भाषाको 'करप्पू' यही १४ मे देखि प्रदर्शनमा आउँदैछ ।

विजयले यो फिल्मलाई बिहान ९ बजेदेखि प्रदर्शन गर्न अनुमति दिनुको पछाडि तृषासँगको सम्बन्धलाई मुख्य कारण मानिएको छ । लामो समयदेखि उनको नाम तृषासँग जोडिँदै आएको छ । विजयले विधानसभाको चुनाव जितेपछि उनलाई बधाई दिन तृषा घरमै पुगेकी थिइन् । विजयको शपथ समारोहमा पनि उनी सहभागी थिइन् । यसले पनि उनीहरूको सम्बन्धबारे संकेत गर्छ ।

**२०२३ देखि तमिलनाडुमा थियो बिहानी शोमा प्रतिबन्ध**

सन् २०२३ मा प्रदर्शन भएको अजित कुमार अभिनीत फिल्म 'थुनिवु'देखि तमिलनाडुमा बिहानी शोमा प्रतिबन्ध लगाइएको थियो । उक्त फिल्मको बिहान ४ बजेको शोमा भागदौड मच्चिँदा एकको मृत्यु भएको थियो । त्यसपछि तमिलनाडु सरकारले सुरक्षालाई ध्यानमा राख्दै बिहानका शोमा रोक लगाउने निर्णय गरेको थियो । अब उक्त प्रतिबन्ध हटेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# महासंघका नवनिर्वाचित टोलीसँग छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ मकवानपुर उद्योग वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका नवनिर्वाचित टोलीसँग बुधबार छलफल गरेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भर्खरै सम्पन्न नवौं प्रदेशसभा तथा अधिवेसनबाट बेदबहादुर श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको सदस्यमा भर्खरै सम्पन्न ६० औं वार्षिक साधारणसभा तथा महाधिवेशनबाट नवनिर्वाचित कृष्ण कटुवालको उपस्थिति थियो ।



मउवासंघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा २५ गज सडक विस्तारको कारण भवनको अग्रभागको संरचना भत्किएकोले बाँकी संरचनामा कार्यालय व्यवस्थापन गरेको, राज्यको करचुक्ता गरेका उद्योगी/व्यवसायीलाई मात्र मउवासंघको सदस्यता नवीकरण नियमित गरेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ र महासंघ बागमती प्रदेश समितिबाट साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै संघका अध्यक्ष रानाभाटले महासंघमा जिल्लानगरको समस्या तत्काल सम्बोधन गर्न हेल्प डेस्कको स्थापना आवश्यक रहेको, सबैले मेला गर्ने प्रवृत्ति बढेकाले विकृति आउन सक्ने भएकाले जिल्ला/नगर उद्योग वाणिज्य संघहरुले मात्र मेला महोत्सव गर्न पाउने व्यवस्था गर्नुपर्ने बताए । उनले प्रदेश राजधानी हेटौंडामा हालसम्म नापतौल कार्यालय नभएकोले नापतौल कार्यालय स्थापना गर्नुपर्ने बताउदै महासंघको नयाँ टिमको कार्यकालको पूर्ण सफलताको कामना गरे ।

कार्यक्रममा संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गीले महासंघ बागमती प्रदेशले प्रस्ताव डुप्लिकेशन नहुनेगरी बागमती प्रदेश सरकारसमक्ष प्रस्ताव पेश गर्नुपर्ने, नेउवामहासंघ बागमती प्रदेशको इतिहासको भूमिका नमेटिने गरी समेट्नु पर्ने विचार व्यक्त गरे । नेउवामहासंघका सदस्य कटुवालले २०८३ सालको मंसिर पुसतिर मउवासंघले महोत्सव गर्न गइरहेको, प्रदेश सरकारको बजेट प्रभावकारी रुपमा लगानी हुन उवासंघले प्रस्ताव गर्नुपर्ने, नेउवामहासंघको केन्द्रमा केही गरौं भन्ने सोचको नयाँ नेतृत्व रहेको, जिल्लानगर उवासंघका प्रतिनिधिसँग दैनिक भेटघाट गरी समस्या समाधान गर्न नेउवामहासंघ, काठमाडौंमा कार्यतालिका बनाइने बताए ।

कार्यक्रममा प्रमुखअतिथि तथा महासंघ बागमती प्रदेश अध्यक्ष श्रेष्ठले मउवा संघसँग सहकार्य गरेर अघि बढ्ने, नेउवामहासंघ बागमती प्रदेशको भवन हेटौंडामा बनाउने लक्ष्य रहेकोले मउवासंघले सघाउने अपेक्षा रहेको बताए । उनले मउवासंघले आयोजना गर्ने मेलामा सहकार्य रहने, नापतौल कार्यालय हेटौंडामा राख्न पहल गर्ने बताए । कार्यक्रममा मउवासंघका वरिष्ठ उपाध्यक्ष दीपक उप्रेती र महासचिव प्रतिमा श्रेष्ठलगायतले मन्तव्य राखेका थिए ।

# बादलले बोलेका शब्द हटाउने रुलिङ चयनमुखीः बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ नेकपा एमालेका नेता तथा पूर्वप्रमुख सचेतक महेश बर्तौलाले बुधबारको प्रतिनिधिसभा बैठकमा सभामुख डीपी अर्यालले एमाले नेता रामबहादुर थापा बादलले बोलेका शब्द हटाउन गरेको रुलिङ चयनमुखी भएको बताएका छन् ।

उनले यो निर्णयले संसद्को लोकतान्त्रिक चरित्र, प्रतिपक्षको भूमिका, संसदीय अभ्यास, अभिव्यक्ति स्वतन्त्रता र सभामुखको निष्पक्षता र तटस्थ भूमिकामाथि गम्भीर प्रश्न उठाएको दाबी गरेका छन् । 'नेकपा (एमाले) संसदीय दलका नेता माननीय रामबहादुर थापा 'बादल'ले हिजोको प्रतिनिधिसभा बैठकमा व्यक्त गरेका भनाइ संसद्को रेकर्डबाट हटाउन सभामुखले आज गर्नुभएको रुलिङ बिलकुल चयनमुखी देखिन्छ', बर्तौलाले भने, 'संसदीय व्यवस्थामा प्रतिपक्षको मुख्य दायित्व नै सरकारलाई खबरदारी गर्ने, प्रश्नगर्ने, आलोचना गर्ने र जनताको आवाज उठाउने हो ।'

उनले प्रतिपक्षले सत्ता पक्षलाई मनपर्ने कुरामात्र नबोल्ने भन्दै सत्ता र सरकारका कमजोरीमाथि कठोर प्रश्न लगातार उठाइरहनुपर्ने बताए । 'यदि प्रतिपक्षका सांसदले बोलेका विषय राजनीतिक दबाब वा सत्ताको चाहनाअनुसार हटाइने अवस्था बन्छ भने त्यसले संसद्लाई खुला बहसको थलोभन्दा नियन्त्रणको संरचनातर्फ धकेल्ने खतरा पैदा गर्दछ', बर्तौलाले भने, 'सांसदको अभिव्यक्तिलाई संसद्को रेकर्डबाट हटाउँदा नियमावलीको कुन व्यवस्था अन्तर्गत कुन शब्द, वाक्य वा अभिव्यक्ति असंसदीय ठहरियो वा नियम विपरीत रह्यो भन्ने कुरा सभामुखले स्पष्टरुपमा उल्लेख गर्नुपर्दछ ।'

संसदीय अभ्यासमा सभामुखबाट सदनले सधैं तटस्थता, निष्पक्षता र समान व्यवहारको अपेक्षा गर्ने गरिन्छ । 'संसद्को गरिमा र मर्यादामाथि प्रत्यक्ष असरपर्ने सरकारका प्रधानमन्त्रीको व्यवहार र अटेरीप्रति कठोरता नदेखाउने तर, प्रतिपक्षका सांसदका अभिव्यक्तिमाथि तत्काल रुलिङ गर्ने प्रवृत्तिले सभामुखको साझा भूमिकाप्रतिको विश्वास कमजोर बनाएको छ', बर्तौलाले भने, 'संसद आफैंमा संवाद, असहमति र आलोचनाको साझा मञ्च हो त्यसलाई नियन्त्रणको माध्यम बनाइयो भने संसदीय मामिलामा द्वन्द्व र अविश्वास झन् गहिरिने जोखिम रहन्छ ।'

उनले लोकतन्त्रको स्वास्थ्यका लागि समेत संसदभित्र सरकारको कामकारबाहीप्रति खबर दारीपूर्ण आवाजलाई स्थान दिनु, नियमावलीको प्रयोग निष्पक्ष ढंगले गर्नु र सभामुखको भूमिकाप्रतिको विश्वसनीयता कायम राख्नु अत्यन्त आवश्यक रहने बताएका छन् ।

# सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको राष्ट्रिय भेला बुटवलमा हुने




साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ राज्य पक्षबाट भइरहेको डोजर आतंक, जबर्जस्ती विस्थापन र उचित व्यवस्थापनबिनाको उठीबासविरुद्ध भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीले आगामी जेठमा राष्ट्रिय भेला गर्ने भएका छन् ।

नेपालभरका भूमिहीन तथा अव्यवस्थित बसोवासीको हकहित र अधिकारका लागि आवाज उठाउने उद्देश्यले जेठ ३ गते रुपन्देहीको बुटवलमा राष्ट्रिय भेला आयोजना गर्न लागिएको हो । दशकौंदेखि श्रम र संघर्ष गर्दै अभावकाबीच जीवन बिताइरहेका गरिब तथा उत्पीडित समुदायमाथि भइरहेको अन्यायविरुद्ध र समस्याको दीर्घकालीन समाधानका लागि यो भेला आयोजना गरिएको आयोजकले जनाएका छन् ।

भेलामार्फत भूमिहीन सुकुम्बासीको आवास, जग्गाको स्वामित्व र सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न राज्यलाई जिम्मेवार बन्न आग्रह गरिने बताइएको छ । देशभर फैलिएको विस्थापनको त्रास र अन्यायविरुद्ध एकीकृत आवाज निर्माण गर्नु नै भेलाको मुख्य उद्देश्य रहेको छ । राष्ट्रिय भेलालाई भव्य र व्यवस्थितरुपमा सम्पन्न गर्नका लागि आयोजकले विभिन्न उपसमिति गठन गरी कार्यविभाजन गरेको छ । खगेन्द्र पौडेललाई राष्ट्रिय भेला समन्वय संयोजकको जिम्मेवारी दिइएको छ ।

मञ्च तथा हल व्यवस्थापनको जिम्मेवारी राजु शाहीले पाएका छन् भने स्वयंसेवक तथा र्‍याली व्यवस्थापनका लागि राजेश थापा, सकिल मिया, सुनिल कनोजे, शिव मल्ल र दुर्गा गुरुङलाई तोकिएको छ । सूचना तथा प्रचार प्रसार संयोजकमा राजकुमार भट्टराई र पूर्णबहादुर विक रहेका छन् । खानेपानी व्यवस्थापनको जिम्मा रिसभ पोखरेललाई दिइएको छ भने टोल संस्था तथा पालिका समन्वयको संयोजकमा ममराज श्रेष्ठ चयन भएका छन् । आर्थिक व्यवस्थापनका लागि ममराज श्रेष्ठ, रोहित साह, विवेक गुवाजु, जीतमान विक र मनिष गुरुङ सम्मिलित समिति गठन गरिएको छ ।

यो अभियानलाई प्रभावकारी र जनमुखी बनाउन सञ्चारकर्मी, मानवअधिकारकर्मी, राजनीतिक दल र नागरिक समाजको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै आयोजकले सबै सरोकारवाला पक्षलाई सहयोगका लागि अपिल गरेको छ ।

# महालक्ष्मीको मितेरी पुल अन्तिमचरणमा



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ हेटौंडाबाट काठमाडौं जाने छोटो वैकल्पिक मार्ग हेटौंडा-भीमफेदी-कुलेखानी-फाखेल-फर्पिङ सडकको कुलेखानी-फाखेल सडकको महालक्ष्मी खोलामा पुल निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

पुलको माथिल्लो भागमा ढलान र दुबैतर्फको पहुँचमार्ग निर्माण गर्नमात्र बाँकी छ । सबै काम सकेर जेठ अन्तिम सातासम्म पुल संचालनमा ल्याउने तयारी रहेको पूर्वाधार विकास कार्यालय मकवानपुरका प्रमुख सुजन भण्डारीले बताए । २०८१ असोज ११ र १२ को बाढीले क्षति पुर्‍याएको पुल र पहुँचमार्ग निर्माणका लागि बागमती प्रदेश सरकारको पूर्वाधार विकास कार्यालय मकवानपुरले २०८२ असार ६ मा ठेक्का लगाएको थियो । महालक्ष्मी मितेरी पक्की पुल नामाकरण गरिएको पुलको ९२ प्रतिशत काम भइसकेको छ । १५ मिटर लम्बाई र ८ दशमलव ४ मिटर चौडाई रहेको पुल २०८३ असार ६ सम्म निर्माण सक्ने सम्झौता छ ।

पाण्डव-नारायण-सरस्वती जेभी हेटौंडाले पुल निर्माण गर्न ४ करोड २० लाखको लागतमा ठेक्का लिएको पूर्वाधार विकास कार्यालय प्रमुख भण्डारीले बताए । हेटौंडा-भीमफेदी-कुलेखानी-फाखेल-हुमाने भन्ज्याङसम्मको सडक फराकिलो बनाउने र ग्रेडिङ मिलाउने कार्य सकिए पनि सबै भागमा कालोपत्र भइसकेको छैन ।

महालक्ष्मी खोला क्षेत्रको सडकलाई फराकिलो र नाली बनाउनुको साथै खोलाबाट सडकलाई सुरक्षित राख्न पर्खाल बनाउने कार्य गरिएको छ । गत असोजमा आएको बाढीपहिरोले महालक्ष्मीको क्षेत्रमा आधा किलोमिटर सडक नै बगाएको थियो ।

अहिले त्यही क्षेत्रमा खोलाबाट सडकलाई सुरक्षित राख्न पर्खाल लगाउने काम गरिएको छ । कुलेखानीको कलंकीदेखि हुमानेसम्मको साढे १२ किलोमिटर खण्ड दुई लेनको बनाउने र कालोपत्र गर्ने कार्यको ठेक्का टिआर इन्फास्ट्रकचर प्रालिले ४० करोड ७२ लाख रुपैयाँमा लिएको थियो ।

# ज्येष्ठनागरिक मञ्च हेटौंडा-६ को अध्यक्षमा टेकनाथ

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ ज्येष्ठनागरिक मञ्च वडासमन्वय समिति हेटौंडा-६ को साधारणसभा तथा प्रथम अधिवेशन सम्पन्न भएको छ । साधारणसभाको बन्दसत्रले टेकनाथ पहाडीको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

समितिको उपाध्यक्षमा मायादेवी सार्की, सचिवमा शान्ति कुँवर र कोषाध्यमा रामकृष्ण राई चयन भएका छन् । सदस्यमा पार्वती मिश्र, घनप्रसाद सापकोटा र पूर्णबहादुर राई चयन भएका हुन् । साधारण सभा हेटौंडा-६ का कार्यवाहक वडाअध्यक्ष विजय पौडेलको प्रमुख आतिथ्यता एवम् मञ्चका अध्यक्ष बासुदेव सापकोटाको अध्यक्षतामा सम्पन्न भएको हो ।

साधारणसभामा हेटौंडा उपमहानगरपालिका सामाजिक समावेशीकरण शाखाप्रमुख मन्दिरा थापा, ज्येष्ठनागरिक जिल्ला संघ अध्यक्ष हरिप्रसाद सिग्देल, ज्येष्ठनागरिक मञ्च नगरअध्यक्ष रामचन्द्र ढकाल, टोल विकास संस्था वडासमन्वय समिति हेटौंडा-६ का अध्यक्ष बासुदेव खतिवडा, सचिव राजकुमार फुँयाल, ज्येष्ठनागरिक मञ्च वडासमन्वय समिति हेटौंडा-६ कि सचिव जीवकुमारी पौडेललगायतको आतिथ्यत रहेको थियो ।



## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्कः
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना